# बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८१ साल कात्तिक २७ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका विभिन्न समूहका अधिकृतहरूलाई कामकाजमा खटाउने। |
| २. | प्रदेश स्वास्थ्य सेवाका एघारौं तहका प्रदेश सचिव श्री बद्री बहादुर खड्काको मिति २०८१।०८।०४ गतेदेखि लागु हुनेगरी अनिवार्य अवकाश स्वीकृत गर्ने। |
| ३. | बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० को अनुसूचीमा हेरफेर स्वीकृत गरी प्रदेश राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने। |
| ४. | "सवारी साधन खरिद सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८१" स्वीकृत गर्ने। |
| ५. | जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारुप महासन्धि (UNFCCC) को पक्ष राष्ट्रहरूको सन् २०२४ नोभेम्बर ११-२२ सम्म अजरबैजानको बाकुमा आयोजना हुने २९ औं सम्मेलन (कोप २९) मा बामगती प्रदेश सरकारलाई थप आर्थिक व्ययभार नपर्ने गरी सहभागी हुन बागमती प्रदेश, वन तथा वातावरण मन्त्रालयका सचिव श्री डा. केदार बराललाई मनोनयन गर्ने। |
| ६. | प्रदेश महिला हकको व्यवस्था गर्न विधेयकको मस्यौदा तर्जुमा सम्बन्धमा सैद्धान्तिक सहमतिको अवधारणा पत्र स्वीकृत गर्ने। |
| ७. | "विस्तारित शिक्षा तालिम इकाइ व्यवस्थापन कार्यविधि,२०८१" स्वीकृत गर्ने |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।